# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क १०, २०७३ वैशाख, Year 3, Issue 10, May 2016


## राजस्व संकलन ३० प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७२/०७३ वैशाख मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा ३० प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/०७३

Sector wise Revenue Collection (upto 2073 Baishakh)

| Sector | Last year collection (RS bn) | Target (Rs bn) | Collection (Rs. bn) | Achievement (%) | Growth Rate (%) |
|---|---|---|---|---|---|
| Income Tax | 58.845 | 72.144 | 79.948 | 111 | 136 |
| Rental Income Tax | 1.918 | 2.776 | 2.413 | 87 | 126 |
| Interest Income Tax | 5.267 | 7.490 | 6.322 | 84 | 120 |
| Total Income Tax | 66.030 | 82.411 | 88.685 | 108 | 134 |
| VAT (domestic) | 30.832 | 38.986 | 38.610 | 99 | 125 |
| Excise (domestic) | 22.634 | 27.989 | 28.340 | 101 | 125 |
| Education Service Fee | 0.402 | 0.523 | 0.486 | 93 | 121 |
| Health Service Tax | 0.526 | 0.593 | 0.636 | 107 | 121 |
| Grand Total | 120.426 | 150.503 | 156.758 | 104 | 130 |
| Surplus in collection: Rs 6.254 bn | | | | | |

वैशाख महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्ब ५० अर्ब ५० करोड ३९ लाख ३० हजार रहेकोमा रु. १ खर्ब ५६ अर्ब ७५ करोड ८८ लाख ५३ हजार संकलन भई लक्ष्यको तुलनामा १०४ प्रतिशतको प्रगतिबाँकी ११ पेजमा....

# राजस्व न्यायाधिकरण ऐनका सन्दर्भमा छलफल



राजस्व न्यायाधिकरण ऐनका सन्दर्भमा आयोजित छलफल कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा लगायत अन्य विशिष्ट पदाधिकारीहरु

काठमाडौं। आन्तरिक राजस्व विभागले प्रस्तावित राजस्व न्यायाधिकरण ऐनका सन्दर्भमा विभिन्न निकायहरुसंग वैशाख ८ गते छलफल कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा सर्वोच्च अदालतका पूर्व न्यायाधीश, पूर्व महान्यायाधिवक्ता एवं वरिष्ठ अधिवक्ता श्री पवनकुमार ओझाले प्रस्तावित राजस्व न्यायाधिकरण ऐनका सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले २०३१ सालमा अध्यादेशबाट ऐन आएको बताउनुहुदै ऐन कानुनको समयमा परिमार्जन हुन नसक्दा त्यसले प्रत्यक्ष रुपमा समस्या सिर्जना गर्ने गरेको बताउनुभयो । मुलुक संघीयतामा जाँदै गरेको प्रसग उठाउनुहुंदै सोही अनुरुप ऐनको परिमार्जन हुनुपर्ने कुरा बताउनुभयो । राजस्व न्यायाधिकरणमा मुद्दाहरु लम्बिने गरेको बताउनुहुँदै छिटो छरितो बनाउनुपर्ने कुरामा जोड दिनुभयो । उहांले धरौटीमा पुनरावलोकन हुनुपर्ने बताउनुहुदै कम्पनी नै बन्द गरेर कर लिन नहुने उहाँको तर्क थियो । उहांले पुनरावेदन गर्ने म्यादका सम्बन्धमा चर्चा गर्नुहुंदै न्यायाधिकरणमा पुनरावेदन गर्दा प्रचलित कानूनमा म्यादको व्यवस्था भए सोही म्याद भित्र र सो नभए निर्णय वा आदेश सुनि पाएको वा सो को सूचना तामेल भएको मितिले पैतिस दिनभित्र गर्नुपर्ने छ भन्नुभयो। उहांले सर्वोच्च अदालतमा पेश गर्ने सम्बन्धमा न्यायाधिकरणमा विचाराधिन रहेको कुनै मुद्दामा संविधान वा अन्यकुनै कानूनको व्याख्या सम्बन्धी जटिल प्रश्न समावेश भएको र सो प्रश्नको निरोपण सार्वजनिक महत्व वा सरोकारको विषय भएकोले त्यसको निर्णय सर्वोच्च अदालतबाट हुन उपयुक्त छ भन्ने न्यायाधिकरणलाई लागेमा सोको प्रतिवेदन साथ सो मुद्दाको किनारा गर्न वा त्यस्तो प्रश्नको मात्र निर्णय गरीबाँकी ५ पेजमा....

## यसभित्र


राजस्व संकलनको बैकल्पिक रणनीति अनुसार कार्य सम्पादन गर्द आएका छौं
चन्द्रकला पौडेल,
प्रमुख कर प्रशासक
आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ काठमाडौं
पृष्ठ ३

आन्तरिक राजस्व विभाग र भन्सार विभागबीच सूचना आदान प्रदान गर्ने सम्झौता
पृष्ठ ५

एनसेल प्रा.लि. बाट अग्रिम कर दाखिला
पृष्ठ ७



# महानिर्देशकको सन्देश

**हाल हामी एकातर्फ गर्नुपर्ने कार्य तथा लक्ष्यमा केन्द्रित भएका छौं भने अर्कोतर्फ आगामी आर्थिक वर्षमा विभागले गर्नुपर्ने राजस्व नीति तथा अन्य क्रियाकलापको अध्ययन, विश्लेषण र सिफारिस गर्ने कार्यहरु गरिरहेका छौं । हामीले गर्नुपर्ने नयाँ कार्य योजना, विगतका कार्यहरुको लेखाजोखा र आगामी दिनमा गर्नुपर्ने नीतिगत, प्रकृयागत, व्यवस्थापकीय कार्यहरुको कार्य योजना बनाउनेक्रम जारी छ ।**

हामी भर्खर २०७२ लाई विदा गरी वि.स. २०७३ मा प्रवेश गरेका छौं । नयाँ वर्षको आगमनसँगै राजस्व प्रशासनमा काम गर्ने हामीले गौरव गरेका छौं । विगत अवधिमा भएको भूकम्पले पारेको प्रभाव, नाकावन्दी, मधेश आन्दोलनको कारण तराईमा भएका आर्थिक क्रियाकलापमा व्यापक रुपमा असर परेको छ भने कतिपय कार्यालयहरु बन्दको स्थितिमा रहनु पर्‍यो । सो कारणले गर्दा राजस्व असुली समेत प्रत्यक्ष रुपमा प्रभाव परेको थियो ।

प्रतिकूलताका वावजुद हाल आएर यस विभागले आ.व. २०७२/७३ को वैशाखसम्मको लक्ष्य भन्दा बढी राजस्व संकलन गरेको छ। यस विभागले असुल गर्ने प्रमुख राजस्व असुलीको क्षेत्र मध्ये आयकरको लक्ष्य भन्दा धेरै असुल गरेका छौं। अन्तशुल्कको असुली तोकिएको लक्ष्यभन्दा बढी छ भने मूल्य अभिवृद्धि कर लक्ष्यको नजिक छ। यस अवधिसम्ममा कूल लक्ष्यको १०४.१५ प्रतिशत राजस्व संकलन भएको छ।

आर्थिक वर्ष २०७२/०७३ वैशाख मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको तुलनामा १५ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७२/०७३ को वैशाख महिनासम्मको विभागको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ५० अर्व ५० करोड ३९ लाख ३० हजार रहेकोमा रु. १ खर्व ५६ अर्व ७५ करोड ८८ लाख ५३ हजार संकलन भई लक्ष्यको तुलनामा १०४ प्रतिशतको प्रगति भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर १३४ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२५ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १२५ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १२१ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १२१ प्रतिशत रहेको छ।

यस वैशाख महिनामा हामीले राजस्व असुलीको लागि महत्वपूर्ण निर्णय गरेका छौं। ठूला करदाता कार्यालयबाट एनसेलको अग्रिम कर असुल गर्ने काम भएको छ। हामीले प्रतिपादन गरेको कर नीति र सो अनुरुपको कार्य योजना, वार्षिक लक्ष्य, अर्थ मन्त्रालयबाट प्राप्त हुन आएको राजस्व संकलनको वैकल्पिक योजना (Revenue Backup Plan) कार्य सम्पादन सम्झौता, हामीले संचालन गरिरहेको व्यावसायिक कार्य योजना र कर प्रशासनमा कार्य गर्ने सम्पूर्ण कर्मचारीको योगदान एवं सक्रियता र करदाताको सहभागिता नै हाम्रो प्रगतिका आधार हुन् भन्ने लाग्दछ।

हामी आर्थिक वर्ष २०७२/७३ को उत्तरार्धमा आएका छौं । हामीले यस वर्षको राजस्व लक्ष्य पूरा गर्नु पर्नेछ । अर्थ मन्त्रालयसँग भएको कार्य सम्पादन सम्झौतामा उल्लेख भएका विषयहरु पूरा गर्नु पर्नेछ। राजस्व नीति तथा कार्यान्वयन कार्य योजनामा उल्लेख भएका कार्यहरु पूरा गर्नु पर्नेछ। यस विभागले परिलक्षित गरेका कार्यहरु पूरा गर्नु पर्नेछ। यस वर्ष हामीले गर्नुपर्ने कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्नुपर्ने छ। राजस्व प्रशासनमा काम गर्ने हामी सवैले आगामी २ महिना आफ्नो क्षमता योग्यताको उपयोग गर्दै विभागीय लक्ष्यहरुलाई पूरा गर्नुपर्नेछ।

हाल हामी एकातर्फ गर्नुपर्ने कार्य तथा लक्ष्यमा केन्द्रित भएका छौं भने अर्कोतर्फ आगामी आर्थिक वर्षमा विभागले गर्नुपर्ने राजस्व नीति तथा अन्य क्रियाकलापको अध्ययन, विश्लेषण र सिफारिस गर्ने कार्यहरु गरिरहेका छौं । हामीले गर्नुपर्ने नयाँ कार्य योजना, विगतका कार्यहरुको लेखाजोखा र आगामी दिनमा गर्नुपर्ने नीतिगत, प्रकृयागत, व्यवस्थापकीय कार्यहरुको कार्य योजना बनाउनेक्रम जारी छ। यस आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने विषयहरु, राजस्व नीतिमा गर्नुपर्ने सुधारका कार्यहरु र राजस्व नीति र त्यस अनुरुप संचालन हुने क्रियाकलाप र रणनीतिहरुको वारेमा व्यापक छलफल विश्लेषण र सिफारिसको कार्य गरिरहेका छौं।

उपर्युक्त अवस्थामा म सम्पूर्ण कर प्रशासनमा काम गर्ने कर्मचारीहरुलाई यस वर्षमा हामीले प्राप्त गरेका लक्ष्य, हामीले गर्नुपर्ने कार्य र क्रियाकलापहरुमा सक्रिय रही ती लक्ष्य पूरा गर्नेतर्फ अग्रसर हुन अनुरोध गर्दछु भने अर्को तर्फ कर सहभागिता जनाई कर भुक्तानी गर्ने आम करदाताहरुलाई अझ बढी पारदर्शी भई आफूले भुक्तानी गर्ने कर समयमा नै भुक्तानी गरी देश विकासको पुनीत कार्यमा योगदान पुऱ्याउनु हुन म सवैसँग हार्दिक अनुरोध गर्दछु।

जेठ, २०७३

**चुडामणि शर्मा**
महानिर्देशक

# राजस्व संकलनको बैकल्पिक रणनीति अनुसार कार्य सम्पादन गर्दै आएका छौं

**० त्यस कार्यालय अन्तर्गतका करदाताहरुको संरचना तथा प्रकृतिको बारेमा बताइ दिनुहोस ?**

- आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ अन्तर्गत काठमाडौं महानगरपालिका वडा नं. १, ६, ७, ८, ९, १०, ३१, ३२, ३३, ३४ र ३५ काठमाडौं जिल्लाको पूर्वी भेगका गोकर्णेश्वर, शंखरापुर र कागेश्वरी मनहरा गरी ३ नगरपालिकाका वार्षिक रु. ५ करोड देखि ४० करोड (वित्तीय संस्था, मेडिकल कलेज र ठेक्का व्यवसाय गर्ने करदाताको हकमा २५ करोड) सम्म कारोवार गर्ने करदाता यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका छन् । यस कार्यालय अन्तर्गत आ.व. २०७२/७३ मा ११०० करदाता रहेका छन् । जसमध्ये मू.अ.कर तर्फ दर्ता करदाता ८४१ छन् । यस कार्यालयको कार्यक्षेत्रमा व्यापार व्यवसाय गर्ने करदाताको संख्या कूल करदाताको ५० प्रतिशत छ भने निर्माण व्यवसाय एवं अन्य सेवा व्यवसाय गर्ने करदाताको संख्या कूल करदाता संख्याको ३५ प्रतिशत छ । बाँकी केही उद्योगहरु, सहकारी संस्थाहरु तथा गैर सरकारी संस्थाहरु पनि यस कार्यालयको कार्यक्षेत्रभित्र रहेका छन ।

**० आर्थिक वर्ष सकिन २ महिना मात्र बाँकी भएको सन्दर्भमा राजस्वको लक्ष्य र असुलीका बारेमा के सम्भावना देखिएको छ, बताइदिनुहोस न ?**

- २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्प र ततपश्चातका पराकम्पन, मुलुकको दक्षिणी सीमामा भएको असहज परिस्थिति लगायतका कारणले समग्र राजस्व लक्ष्य अनुसार असुली हुन नसकेको परिप्रेक्ष्यमा यस कार्यालयमा पनि २०७२ पुषसम्म लक्ष्य अनुसार राजस्व संकलन हुन सकेन । २०७२ माघ देखि लक्ष्य अनुसार राजस्व संकलन भए तापनि हाल सम्मको लक्ष्य हासिल गर्न सकिएको छैन । अब आर्थिक वर्ष सकिन २ महिना मात्र भएको सन्दर्भमा लक्ष्य अनुरुप राजस्व असुली गर्न हामीहरु सक्रिय रुपमा लागेका छौ । बक्यौतालाइ समय र रकमको आधारमा वर्गीकरण गरि संकलन भ्रमण, पत्राचार, फोन, एसएमएसद्वारा ताकेता, तथा अटेर गर्नेलाई कानूनी कारवाही अन्तर्गत खाता रोक्का, आयात निर्यात रोक्का गरी बक्यौता असुली गरेका छौं । आयकरको मुख्य आधार TDS भएकोले सवै कलेज, गैससको TDS Audit गरिरहेका छौं । बढी क्रेडिट हुने करदाताको चालु आ.व.को करपरीक्षण गरिएको छ । त्यस्तै द्रुत करपरीक्षण, पूर्ण करपरीक्षण र अनुसन्धानात्मक करपरीक्षण गरी लक्ष्य अनुसार राजस्व संकलन गर्न लागिपरेका छौ । यति प्रयासका बाबजुद पनि विगतको असहज परिस्थितिमा नपुग हुन गएको राजस्व सबै असूल गर्न नसकिएकोले हालसम्मको लक्ष्यको ८४ प्रतिशत मात्र राजस्व असूल हुन सकेको छ ।



**चन्द्रकला पौडेल**
**प्रमुख कर प्रशासक**
**आन्तरिक राजस्व कार्यालय**
**क्षेत्र नं १, काठमाडौं**

कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेका उल्लेखित संख्याका करदाताको कार्य प्रकृति अनुरुप आर्थिक वर्षको पछिल्ला महिनाहरुमा राजस्व असूली बढेर जाने देखिएको कारण जेठ र असारको राजस्व असूली तोकिएको लक्ष्यभन्दा बढी भै यस कार्यालयको लागि तोकिएको राजस्व संकलन लक्ष्य अनुरुप प्रगति हासिल हुनेमा हामी विश्वस्त छौं ।

**० त्यस कार्यालय अन्तर्गत करदाता सेवा एवं Enforcement लाई प्रभावकारी बनाउन के कस्ता क्रियाकलाप संचालन भईरहेका छन् । सो बारेमा बताइदिनुहोस् ।**

- करदाता सेवालाई प्रभावकारी बनाउन करदताको रेकर्ड अद्यावधिक गर्नुका साथै मोवाइल एसएमएस मार्फत कर/आय विवरण दाखिला, बक्यौता असुली, किस्ता रकम दाखिला एवं अन्य आवश्यक सूचनाहरु करदातालाई नियमित रुपमा दिने गरिएको छ । त्यसैगरी समय समयमा क्षेत्रगत रुपमा करदाताहरुको समूह बनाई करदाता शिक्षा मार्फत करदातालाई शिक्षित बनाएका छौं । करदाताका गुनासा एवं समस्याहरुलाई तत्कालै समाधान गर्ने गरिएको छ । करदाताहरुलाई सेवा प्रवाह गर्ने क्रममा करदाता सेवा कार्यालयहरुसँग पनि समन्वय गर्ने गरिएको छ ।

यस कार्यालयको कार्यक्षेत्रभित्र रु. पांच करोडभन्दा बढी कारोवार गर्ने करदाता भएकोले अधिकांश करदाताको कर सहभागितास्तर राम्रो रहेको छ । समय समयमा करदाताको कारोवारस्थलमा गरिने अनुगमनले पनि करदाताको कर सहभागितामा वृद्धि गराएको छ । त्यति हुँदा हुँदै पनि कानूनको परिपालनामा उदासिन देखाउने करदाताहरुको आवश्यक सूचना एवं तथ्यांक विश्लेषण गरी छानविन गर्ने गरिएको छ ।

**० केही समय अघि अर्थतन्त्रमा परेको असहज परिस्थितिका कारण राजस्व संकलनमा परेका नकारात्मक प्रभाव न्यून गर्न के गर्नुपर्ला ?**

- विनाशकारी भूकम्प तथा सीमामा भएको समस्याको प्रभाव राजस्व असुलीमा समेत परेको देखिएको छ । त्यसै कारण लक्ष्य अनुसार राजस्व असुली हुन सकेको छैन । यस अवस्थामा आन्तरिक राजस्व विभागद्वारा तयार गरेको राजस्व संकलनको बैकल्पिक रणनीति अनुसार कार्य सम्पादन गरिएको छ । सो अनुसार बक्यौता असुलीलाई प्रभावकारी बनाउने काम अगाडि बढाइएको छ । त्यस्तै कर परीक्षण तथा कर अनुसन्धान एवं पुन: कर परीक्षणलाई गुणात्मक बनाउने तर्फ प्रयास गरिएको छ । कार्यालयले सम्पादन गर्ने सबै कार्यगत लक्ष्यहरु सम्पादन गर्दा राजस्व असूलीमा सकारात्मक प्रभाव पर्ने भएको हुंदा तद्नुरुप कार्यगत लक्ष्य सम्पादनमा पनि जोड दिइएको छ । यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत ठेक्का/निर्माणको व्यवसाय गर्ने

करदाताको संख्या बढी भएकोले पूंजीगत खर्चमा बृद्धि हुन गएमा सोही अनुरुप राजस्व असुली बढ्छ। त्यसैले पुनर्निर्माणको कार्य अगाडि बढेमा राजस्व संकलन बढाउन सकिन्छ।

**० हाल यस कार्यालयमा रहेका बक्यौताको अवस्था र असुली सम्बन्धी कुनै रणनीति रहेको छ कि, प्रकाश पारिदिनुहोस् न ?**

- चालु आर्थिक वर्षको बैशाख मसान्तसम्म आयकरतर्फ बक्यौता एक अर्व छपन्न करोड रुपैया छ। उक्त रकम मध्ये मुद्दामा गएको रकम बैसट्ठी करोड पचास लाख रुपैयाँ रहेको छ। यस अवस्थामा हामीले कारवाही गरी असूल गर्न सक्ने बक्यौता करीव त्रियानब्बे करोड रुपैयाँ रहेको छ। त्यसै गरी मूल्य अभिवृद्धि करतर्फ बक्यौता अन्ठानब्बे करोड रुपैयाँ रहेको छ। सो रकम मध्ये बैसट्ठी करोड रुपैयाँ मुद्दामा रही असूलीको कारवाही गर्न सकिने रकम छत्तिस करोड रुपैयाँ रहेको छ। चालु आर्थिक वर्षको बैशाख मसान्तसम्म आयकर बक्यौतातर्फ पचास करोड सैतिस लाख रुपैया असुली तथा समायोजन गरिएको छ भने मूल्य अभिवृद्धि कर बक्यौतातर्फ सन्ताउन्न करोड रुपैया असुली तथा समायोजन गरिएको छ। आयकर तर्फको बक्यौताको रकम करदाताले तिरे बुझाएको भए पनि कार्यालयमा रहेको लगत कट्टा नभएर पनि धेरै रकम बक्यौताको रुपमा रहेको देखिएको छ। मूल्य अभिवृद्धि करमा जस्तै भुक्तानीलाई सोझै करदाताको खातामा प्रविष्टि गर्न सक्ने व्यवस्था गर्न सके यसमा धेरै न्यूनिकरण आउने देखिएको छ।

कार्यालयलाई तोकिएको राजस्व संकलनको लक्ष्य पूरा गर्न बक्यौता असुलीको महत्वपूर्ण योगदान रहने हुँदा बक्यौता असुलीको लागि विभागको निर्देशन बमोजिम संकलन भ्रमण, पत्राचार, फोनबाट ताकेता, करदातालाई कार्यालयमा बोलाएर छलफल, किस्ताबन्दीमा दाखिला गर्ने भए दाखिलाको समयतालिका करदाताबाटै प्रतिबद्धता गराई बक्यौता असुली गर्ने गरिएको छ। यति गर्दा पनि अटेरी गर्ने करदातालाई कानूनी कारवाही अन्तर्गत खाता रोक्का, आयात निर्यात रोक्काका प्रक्रियाहरु शुरु गरिएको छ। कानूनी कारवाही विना नै २१ करोड बक्यौता असुली भएको छ। कानूनी कारवाहीका कारण अब बाँकी २ महिनामा उल्लेख्य बक्यौता असुली हुनेमा कामी आशावादी छौं।

**० यहाँहरुको कार्यालयबाट बजार अनुगमनको अवस्था के छ ?**

- यस कार्यालयलाई तोकिएका कार्यगत लक्ष्यमा बजार अनुगमन पर्दैन। बजार अनुगमनको कार्यगत लक्ष्य नतोकिए पनि कर प्रशासनको महत्वपूर्ण कार्य बजार अनुगमन भएकोले करदाताको अनुसन्धान, करपरीक्षण, चालु वर्षको करपरीक्षण, अग्रीम करकट्टी परीक्षणको क्रममा करदाताको कारोबार स्थलमा गई बिल जारी गरे नगरेको, खातापाता अद्यावधिक गरे नगरेको तथा करमा बुझाउनु पर्ने कर तथा विवरण बुझाए नबुझाएको लगायतका विषयमा हेर्ने, अनुगमन गर्ने कार्य गरिएको छ। यसका साथै आन्तरिक रजस्व विभागबाट समय समयमा क्षेत्रगत रुपमा करदाताको अनुगमनका लागि लेखि आए बमोजिम पनि तत् तत् क्षेत्रका करदाताको अनुगमन गर्ने गरिएको छ।

**० आफ्नो कार्यालय अन्तर्गतका करदातालाई शिक्षित बनाउन कस्ता खालका कार्यक्रम सञ्चालन गर्नु भएको छ ?**

- करदातालाई निजको व्यवसायको प्रकृति अनुसार कर सहभागिता जनाउनका लागि आवश्यक पर्ने जानकारीहरु प्रदान गर्न करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु गर्ने गरिएको छ। सेवा प्रवाह कै क्रममा पनि त्यस्ता जानकारी दिने गरिएको छ भने पटके रुपमा कार्यक्रम पनि आयोजना गर्ने गरिएको छ। करदाताको कारोवारको प्रकृतिको आधारमा समूह विभाजन गरी कार्यालयले आफ्नै पहलमा, करदाताको अनुरोधमा तथा विभिन्न नियामक निकायहरुले अनुरोध गरेको अवस्थामा पनि कार्यालयले प्रशिक्षक कर्मचारी खटाई करदाता शिक्षा प्रदान गर्ने गरिएको छ।

**० मुलुक अहिले बजेट निर्माणको संघारमा छ, यस्तो बेलामा हाल राजस्व प्रशासनले विगत लामो समयदेखि भेल्दै आएका समस्याहरु जस्तै ननफाइलर, बक्यौता व्यवस्थापन, दर्ता खारेजी लगायतका विषयमा के कस्तो नीति ल्याउनुपर्छ जस्तो ठान्नुहुन्छ ?**

- कानूनी स्पष्टता भए पनि लामो समयदेखि कर विवरण नबुझाएको करदाताको दर्ता खारेजी गर्न सकिएको छैन। ती करदाताको बक्यौता समेत भएको कारण त्यसो हुन गएको हो। व्यवसाय छाडिसकेका करदातालाई सम्पर्क स्थापित गर्न नसकिने हुँदा त्यस्ता करदाताको वक्यौता लगत राखी मार्कअप गरी हाललाई सस्पेण्डमा राख्ने र निश्चित समयावधिभित्र स्वतः दर्ता खारेज हुने गरी आर्थिक ऐनमा विशेष व्यवस्था ल्याउन उपयुक्त हुने देखिन्छ। बक्यौता व्यवस्थापनतर्फ करदाता नभेटिने तथा करदाताले तिर्न सक्ने क्षमता भन्दा बढी भएको बक्यौता असुल गर्न कठिन भएकोले कार्यान्वयनस्तरमा समस्या छन्। गत साल कर फछ्र्यौट आयोग गठन भई कतिपय बक्यौताहरु फछ्र्यौट भएको छ। बक्यौता कायम भै तिर्न सक्ने क्षमता नभएका करदाताको हकमा बक्यौता फरफारक गर्ने कार्य गर्ने गरी स्थायी संयन्त्र बनाउने तर्फ सोच राखिनुपर्छ।

**० अन्त्यमा कर बुलेटिन मार्फत के भन्नु हुन्छ ?**

- कार्यालयमा उपलब्ध जनशक्ति, भौतिक साधन तथा सूचना प्रविधिको अत्यधिक उपयोग गरी यस कार्यालयलाई विभागबाट तोकिएका लक्ष्य बमोजिमको कार्य गर्न कार्यालय प्रतिबद्ध र कटिबद्ध भएर लागेको छ। त्यसैले हाम्रो कायक्षेत्र अन्तर्गतका सम्पूर्ण करदाताहरुलाई आफूले तिर्न बुझाउनु पर्ने कर दायित्व समयमै भुक्तान गरी नियमानुसार लाग्ने शुल्क जरिवानाबाट वच्न म अनुरोध गर्दछु।

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ।

१ पेजको बांकी....





मुद्दा किनारा गर्न मिसिल न्यायाधिकरणमा आउने गरी सक्कल मिसिल सर्वोच्च अदालत समक्ष पेश गर्न सक्नेछ भन्नुभयो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कानुनको परिपालना गर्न, राजस्व न्यायाधिकरणलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा मार्ग दर्शन प्राप्त भए अनुसार सघन रुपमा विश्लेषण गरेर पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । मुलुक संघीयतामा जाँदै गरेको अवस्थामा स्थानीय सरकार, केन्द्रीय सरकार र प्रादेशिक सरकारलाई अध्ययन गरेर मस्यौदा तयार पार्ने बताउनुभयो। उहाँले कार्यक्रमको आयोजना गर्न सहयोग गर्ने न्क्श्र च्ब्क एचयवभअत लाई कृतज्ञता समेत व्यक्त गर्नुभयो ।

राजस्व न्याधिकरणका अध्यक्ष सुष्मालता माथेमाले तीन दशकको अन्तरालमा राजस्व न्यायाधिकरण ऐनको परिस्कृत गर्न लागिएको बताउनुहुँदै अधिवक्ता पवनकुमार ओझाले गर्नु भएको प्रयासको सह्राना गर्नु भयो । कमी कमजोरी हुनु स्वभाविकै रहेको बताउनुहुदै यसको प्रभाव कार्यान्वयन पश्चात् मात्रै देखिने विचार व्यक्त गर्नुभयो । उहांले आफूहरु अर्धन्यायिक निकाय भएकाले सर्वोच्च अदालतलाई नै छाताको रुपमा लिएको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यकारी निर्देशक केशरीराज पण्डित, पूर्व सचिव मोहन बन्जाडे, पूर्व नायव महान्याधिवक्ता सूर्यप्रसाद कोइराला, नेपाल सरकारका सहसचिवहरु, सहन्याधिवक्ताहरु, कर विज्ञहरु, आन्तरिक राजस्व विभागको काठमाडौंस्थित सबै कार्यालयका प्रमुख कर अधिकृतहरु, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, सीएनआइका प्रतिनिधि, चेम्बर अफ कमर्सका प्रतिनिधि, GIZ/ RAS project का प्रतिनिधि समेतको उपस्थिति रहेको थियो ।

# आन्तरिक राजस्व विभाग र भन्सार विभागबीच करदाताको सूचना आदान प्रदान गर्ने सम्झौता सम्पन्न

काठमाडौं । आन्तरिक राजस्व विभाग र भन्सार विभागबीच करदाताको आन्तरिक सूचना वेभ वेसमा आदान प्रदान गर्ने (Mou) विषयमा वैशाख १६ गते आयोजित दुई दिने भन्सार व्यवस्थापन गोष्ठीको अवसरमा सम्झौता भएको छ। सम्झौतापछि आन्तरिक राजस्व विभागले आफूसँग भएको करदाताको विवरण भन्सार विभागलाई उपलव्ध गराउने




छ भने भन्सार विभागले आफूसँग भएको विवरण आन्तरिक राजस्व विभागलाई उपलव्ध गराउनेछ । आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले महत्वपूर्ण कार्यक्रममा आमन्त्रण गरेर अवसर प्रदान गरेकोमा हार्दिक आभार व्यक्त गर्नुभयो । उहाँले भन्सारले भन्सार गर्छ भन्नुहुँदै भरपर्दो व्यापार सहजीकरण कानुनी आधारबाट हुनुपर्ने बताउनुभयो । नकारात्मक गतिविधिलाई नियन्त्रण गर्न भन्सार अघि बढ्नुपर्छ भन्नुहुँदै सामाजिक सुरक्षाका विषयमा भन्सार सधै सचेत रहनु पर्ने जानकारी दिनुभयो । उहाँले अवैध हात हतियार, लागू औषध, मानव तस्कर, अखाद्य वस्तुको आयात जस्ता विषयमा सचेत रहनुपर्ने बताउनुभयो। आन्तरिक राजस्व विभाग र भन्सार विभागबीच कोअर्डिनेशन र कोअपरेशन हुनुपर्ने बताउनुहुँदै सूचना प्रविधिको माध्यमबाट एक अर्काका सूचनाहरु आदान प्रदान हुनुपर्ने बताउनुभयो। अपरेशन लेभलमा, कार्य सम्पादनका क्रममा कोअपरेशन हुनुपर्ने जानकारी दिनुहुँदै अर्थ मन्त्रालय अन्तर्गतका निकायहरुले शक्ति अभिवृद्धि गर्न हामी भन्ने भावना विकास हुनुपर्ने उहाँको भनाइ थियो । नेपाल आयात प्रधान मुलुक भएकाले धेरै विषय भन्सारसँग जोडिने बताउनु भयो। भन्सार मूल्यांकनमा विजकीकरणको समस्या विकराल रहेको बताउनुहुँदै सिद्धान्त र व्यवहारमा आन्तरिक सूचना आदान प्रदान हुनुपर्ने बताउनुभयो । राजस्व संकलन अभिवृद्धि गर्ने, राजस्व चुहावट नियन्त्रण गर्ने बताउनुहुँदै कार्य सम्पादनमा संस्थागत हिसावले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।



# महानिर्देशक शर्माद्वारा उत्कृष्ट २२ करदाता सम्मानित



उच्चतम कर सहभागिता जनाउने व्यवसायीलाई सम्मान गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को अवसरमा घोषणा गरिएको आन्तरिक राजस्व कार्यालय भरतपुरको कार्यक्षेत्र अन्तर्गतका उच्चतम कर सहभागिता जनाउने २२ उत्कृष्ट करदातालाई वैशाख २५ गते चितवनमा आयोजित कार्यक्रममा सम्मान गरिएको छ । आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा व्यवसायीलाई सम्मान गरिएको हो ।

कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले समयमै विवरण बुझाउने तथा कर तिर्ने करदातालाई सम्मान गरेर उत्साहित बनाउने सरकारको नीति रहेको बताउनुभयो । कर तिर्नु सबै नागरिकको प्रमुख दायित्व भएकोले पारदर्शी भएर कारोबार गर्न करदातालाई आग्रह गर्नुभयो । कर दिवसको दिन सम्मान गर्ने घोषणा गरिएका २२ उत्कृष्ट करदाता र एक जना कर्मचारीलाई उद्योग बाणिज्य संघ चितवनको समन्वय र आन्तरिक राजस्व कार्यालय भरतपुरको आयोजनामा सम्मान गरिएको हो । उच्चतम कर सहभागिता सहित नेपाल सरकारलाई बढी आयकर बुझाउने २२ करदातालाई सम्मानपत्रसहित दोसल्ला ओढाई सम्मानित गरिएको थियो । एक उत्कृष्ट कर्मचारी कर अधिकृत श्री घनश्याम भुषाललाई नगद र सम्मानपत्र सहित दोसल्ला ओढाई सम्मान गरिएको थियो । सो अवसरमा निजी कलेज तर्फ अक्सफोर्ड कलेज अफ इन्जिनियरिङ्ग गैडाकोट, सहकारी तर्फ स्वर्ण लक्ष्मी बचत तथा ऋण सहकारी, वित्तिय संस्था तर्फ गौरीशंकर बैक, होटल तथा पर्यटन व्यवसाय तर्फ सपना भिलेज लजका ध्रुव गिरी, ढुवानी तर्फ कात्यानी क्यारियर प्रा.लि. लाई सम्मान गरिएको थियो । त्यस्तै भोजनालय तर्फ बैष्णव मिष्ठान तथा शुद्ध शाहकारी भोजनालय, गैर सरकारी संस्था तर्फ शान्ति निर्माण तथा विकासका लागि सहकार्य फ्रि प्याड, सञ्चार तर्फ अर्थ समाचार र ग्लोबल मिडियालाई संयुक्त रुपमा महानिर्देशक शर्मा, उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष राजन गौतम, आन्तरिक राजस्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत टिकाराम भुषालले संयुक्त रुपमा सम्मान गर्नु भएको थियो ।

यसैगरी सम्मानित हुनेहरूमा उद्योग तर्फ एपोलो पेन्ट्स प्रा.लि., सुवर्ण म्याच फ्याक्ट्री प्रा. लि. नेपाल उर्जा विकास कम्पनी, पिया प्लाष्टिक उद्योग, फाईन फिड्स ईण्डष्ट्रिज प्रा.लि.र पूजा सूर्ति प्याकेजिङ्ग उद्योग रहेका छन् । यस्तै किराना पसलमा नौलो पसल, औषधी तर्फ डायमण्ड मेडिसिन स्टोर्स, काष्ठ तर्फ चितवन समिल तथा फर्निचर उद्योग, स्पेयर पार्टस् तर्फ न्यौपाने ईन्जिनियरिङ्ग, सेवा तर्फ ओस्ती एण्ड कम्पनी, ठेक्का पट्टा तर्फ प्रेरा प्रतिष्ठा जेभी, लक्ष्मी हार्डवेयर र एल आर मार्केटिङ्ग रहेका छन् ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, भरतपुरका प्रमुख कर अधिकृत श्री टिकाराम भुषालले करदातालाई सहज, सरल, छिटो छरितो र प्रभावकारी हुने गरी सेवाप्रवाह गर्न कार्यालय सधैं अग्रसर भएको र आगामी दिनमा पनि प्रभावकारी सेवा प्रवाह गरिने उल्लेख गर्नुभयो ।

त्यसैगरी उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष राजन गौतमले न्यून बिजकीकरण प्रणाली हटाई व्यवसायमैत्री कर बन्न कर कार्यालयलाई अनुरोध गर्नु भएको थियो । सम्मानपछि करदाताको तर्फबाट बोल्दै नौलो पसलका श्री उमाशंकर अग्रवालले व्यवसायमैत्री कर प्रशासन हुनुपर्ने बताउनुभयो ।



# एनसेल प्रा.लि.बाट अग्रिम कर दाखिला

नेपालमा उदार अर्थतन्त्रको थालनीको एक दशक पछि दूर संचारको क्षेत्रमा विदेशी लगानी सहितको निजी कम्पनीको स्थापना भएको हो । यसै क्रममा भारतको मोदीकर्प लि. को ५५ प्रतिशत, स्पाइस सेल लि. को ५ प्रतिशत र नेपाली कम्पनी खेतान ग्रुप प्रा.लि. को ४० प्रतिशत हिस्सा रहने गरी रु. १ करोड चुक्ता पूँजी लगानीमा स्पाइस नेपाल प्रा.लि. नामको कम्पनी मिति २०५८/३/७ मा दर्ता भएको र मिति २०५८/६/२६ मा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ मा (स्थायी लेखा नं ३००३२५६९४) आयकर तथा मूल्य अभिवृद्धि करमा समेत दर्ता भएको हो । उक्त कम्पनी मिति २०६७/७/१० मा नाम परिवर्तन गरी एनसेल प्रा.लि. को रुपमा संचालन भएको छ ।

एनसेल प्रा.लि.मा रहेको टेलियासोनेरा नर्वे नेपाल होल्डिङसको सम्पूर्ण शेयर Axita Group Berhad ले खरीद गर्ने गरी समझदारी भएपछि मिति २०७२।९।७ मा Axita Group Berhad ले आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष पूर्वादेश माग गरेको थियो ।

एनसेलको उपरोक्त शेयर खरीद विक्री कारोबारको सम्बन्धमा व्यवस्थापिका संसद विकास समिति र सार्वजनिक लेखा समितिमा छलफल भई मार्गनिर्देशन प्राप्त हुनाका साथै नेपाल सरकारका मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव, अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाबाट समेत विभिन्न निर्देशन प्राप्त भएको थियो ।

टेलियासोनेरा र एक्जिएटा ग्रुपका बीच शेयर खरीद विक्री कारोबार सम्पन्न भएको भनी मिति २०७२।१२।२८ मा संयुक्त प्रेस विज्ञप्ति जारी भएको थियो । त्यसपछि आन्तरिक राजस्व विभागले मिति २०७२।१२।३० को पत्रबाट श्री ठूला करदाता कार्यालयलाई ऐनसेलको शेयर कारोबारमा विक्रेतालाई भएको लाभमा आयकर ऐन, २०५८ बमोजिम विक्रेतालाई पूजीगत लाभकर लाग्ने र आयकर ऐनको दफा ९५क बमोजिम सो कर एनसेल प्रा.लि. ले असुल गरी दाखिला गर्नु पर्ने भएकोले सो कर असुली तर्फ आवश्यक कारवाही गर्न निर्देशन गरिएको र सो सम्बन्धमा ठूला करदाता कार्यालयबाट मिति २०७२/१२/३० बाट टेलियासोनेरा ग्रुप हेड अफिस, स्टकहोम स्वीडेनलाई एनसेल प्रा.लि. मार्फत् आय विवरण एवं कर दाखिला विषयमा पत्र लेखिएको र सोही मितिमा एनसेल प्रा.लि. का प्रमुख कार्यकारी अधिकृतलाई र एनसेल प्रा.लि.लाई आयकर ऐन, २०५८ को दफा ९५क अनुसार अग्रिम कर असुल गरी दाखिला गर्ने वारे पत्र लेखिएको थियो । सो पत्रमा त्यस कम्पनीका सम्पूर्ण शेयर धनीहरुले त्यस कम्पनीमा रहेको शेयर हित निःसर्ग गरेको भनी जानकारीमा आएकोले आयकर ऐन, २०५८ को दफा ९५क को उपदफा २(ख) अनुसार नेपाल धितोपत्र वोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गवाट प्राप्त लाभको हकमा जुन निकायको हित निःसर्ग भएको हो सोही निकायले वासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको १० (दश) प्रतिशत र अन्यको हकमा लाभ रकमको १५ (पन्ध्र) प्रतिशतका दरले अग्रिम कर असुल गरी दाखिला गर्नुपर्ने दायित्व एनसेल प्रा.लि.को भएको व्यहोरा उल्लेख गरी पत्राचार गरिएको थियो ।

एनसेल प्रा.लि. को विदेशी शेयरहोल्डरको शेयर खरीद विक्री कारोबारमा भएको पूँजीगत लाभमा लाग्ने अग्रिम कर टेलियासोनेरा ग्रुपका तर्फबाट एनसेल प्रा.लि. ले मिति २०७३/१/२६ गते रु. ९ अर्व ९६ करोड ९५ लाख ७१ हजार ४० राजस्व दाखिला गरेको छ ।

# बजेटको पूर्वसन्ध्यामा महानिर्देशकद्वारा छलफल

बजेट तर्जुमाको सिलसिलामा राजस्व परामर्श समिति अन्तर्गत आन्तरिक राजस्व विभागका महानिर्देशकको संयोजकत्वमा गठित आन्तरिक राजस्व उपसमितिको वैठक वैशाख १३ गते सम्पन्न भएको छ। आन्तरिक राजस्व विभागमा आयोजित कार्यक्रममा विभागका महानिर्देशक श्री चुडामणि शर्माले मदिराको बिक्री वितरण गर्ने क्षेत्रको पहिचान गर्ने सन्दर्भमा विगतमा सार्वजनिक स्थान र विद्यालयको आसपासमा मदिराजन्य पदार्थको बिक्री वितरणमा रोक लगाइएकोमा शहरीकरण बढ्दै जाँदा एउटै घरमा विद्यालय, होटल र अन्य व्यवसाय पनि सञ्चालन भइरहेको सन्दर्भमा त्यसलाई पुनरावलोकन गर्नु पर्ने बताउनुभयो। कार्यक्रममा उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री विष्णुप्रसाद नेपाल, निर्देशकहरु, नेपाल उद्योग वाणिज्य महासंघ,



वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भन्सार विभाग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, नेपाल पेय पदार्थ तथा चुरोट संघ, नेपाल वितरक संघ, क्यान महासंघ, नेपाल शैक्षिक परामर्श संघ लगायतको उपस्थिति रहेको थियो । विभिन्न निकायबाट आउनु भएका प्रतिनिधिहरुले भन्सारमा आइ परेका समस्याहरुको वारेमा छलफल गर्नु भएको थियो ।

# नयाँ सुधार योजना तर्जुमाको छलफल सम्पन्न

आन्तरिक राजस्व विभागको पांच वर्षिय रणनीतिक योजना (२०१२/०१३-२०१६/०१७) को आधारमा तयार गरिएको पहिलो तीन वर्षीय सुधार योजना (२०१२/१३-२०१४/०१५) को समयावधि समाप्त भएकोले रणनीतिक योजनाको मध्यावधि मूल्यांकन गरी नयां सुधार योजना तर्जुमा गर्ने कार्य भैरहेको छ । सो कार्यका लागि परामर्शदाताको रुपमा छनौट हुनु भएका कर विज्ञ डा. रुप बहादुर खड्काद्वारा तयार भएको प्रारम्भिक प्रतिवेदनमा आन्तरिक राजस्व विभागको सभाहलमा मिति वैशाख २९ गते छलफल कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा परामर्शदाताबाट



तयार गरिएको प्रतिवेदनमा बुंदागत रुपमा पृष्ठपोषण प्रदान गरी सुधार गर्नुपर्ने विषयहरु पहिचान गरिएको थियो । नीतिगत सुधार, करदाता शिक्षा, सूचना प्रविधि एवं क्षमता विकासका विषयवस्तुलाई मूलभूतरुपमा समावेश गरिएको उक्त सुधार योजनालाई छिट्टै अन्तिमरुप दिई कार्यान्वयनमा ल्याइने तयारी विभागको रहेको छ । कार्यक्रममा विभागका कार्यरत अधिकृतस्तरसम्मका सबै कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## स्टक ब्रोकरहरूसँग छलफल सम्पन्न

नेपाल स्टक ब्रोकर एशोसिएसनका पदाधिकारी तथा प्रतिनिधिहरुबाट मुद्रा बजार र पूँजी बजारमा अधिकांश कारोवाहरुमा मूल्य अभिवृद्धि कर छुट रहेको सन्दर्भमा धितोपत्र दलाली (Stock Broker) कारोवारमा पनि मूल्य अभिवृद्धि कर छुट हुनुपर्ने पदाधिकारीहरुको मागका विषयमा आन्तरिक राजस्व वभागमा आयोजित एक कार्यक्रममा छलफल भएको छ । एशोसिएसनका पदाधिकारी तथा प्रतिनिधिहरुसंगछको छलफलमा विकल्पका रुपमा धितोपत्र दलाली कारोवारलाई बित्तीय सेवा अन्तर्गत मानी मूल्य अभिवृद्धि कर छुट दिन उपयुक्त हुने त्यसैगरी धितोपत्र दलाली कारोवारलाई वित्तीय सेवा अन्तर्गत मानी पूजीगत लाभ करको सट्टा Financial Transaction Tax लगाउने र धितोपत्र दलाली कारोवारलाई मूल्य अभिवृद्धि कर लगाउने र त्यसरी मूल्य अभिवृद्धि कर लगाउँदा तोकिएको अवधि भित्र Stock Broker हरुले मूल्य अभिवृद्धि करमा दर्ता भई कारोवार गरेमा विगतमा मूल्य अभिवृद्धि कर दर्ता नभई कारोवार गरेको भए पनि मूल्य अभिवृद्धि कर तिर्नु नपर्ने व्यवस्था गर्ने लगायतका विषयमा छलफल भएको थियो ।




## कर सम्बन्धी विश्व प्रसिद्ध भनाईहरू

**संकलकः प्रकाश शर्मा ढकाल**

१. मृत्युवरण, वच्चा जन्माउन र कर तिर्न सजिलो समय खोजेर पाइदैन ।
- **मार्गरेट मिसेल**

२. आयकर तिर्नेलाई भन्दा बढी पीडा आयकर नतिर्ने व्यक्तिलाई हुन्छ ।
- **थोमस डिवार, बेलायतका प्रसिद्ध व्यापारी**

३. संसारमा बुझ्न सवैभन्दा कठिन कुरा छ भने त्यो आयकर हो ।
- **वैज्ञानिक अल्वर्ट आइन्स्टाइन**

४. कर लगाउन नसकिएको एउटा मात्र चीज मानिसको सोचाई हो ।
- **वैज्ञानिक चार्ल्स किटरिङ**

५. संसारमा मृत्यु वाहेक अर्को कुनै कुराको निश्चितता छ भने त्यो कर हो ?
- **बेन्जामिन फ्रयांकलिन**

६. कर दुई अक्षरको शव्द मात्र होइन, यो त हामीले चाहेको मुलुकको लागि तिरेको मूल्य हो ।
- **एलेक्स हिमेल फार्ब**

७. मृत्यु र कर हालसम्म हल गर्न नसकिएका इन्जिनियरिङ समस्या हुन् ।
- **रोमान माच्दो**

८. म कर तिर्न रुचाउँछु, किन भने कर तिरेर मैले सभ्यता खरीद गरिरहेको हुन्छु ।
- **ओलीभर वेन्डल**

Source: www.goodreads.com

# नेपालको बजेट तर्जुमा तथा खर्च सम्बन्धी ब्यबस्थाहरु

१. बजेट व्यवस्थाको शुरुवात कुन देशबाट भएको मानिन्छ ?
- बेलायत

२. राणकालमा लेखा परिक्षणको काम गर्ने कार्यालयको नाम के थियो ?
- कुमारीचोक

३. राणाकालमा नोट वा मुद्रा निष्काशन गर्ने निकायको नाम के थियो ?
- मुलुकीखाना

४. नेपालमा पहिलो बजेट कुन सालमा प्रस्तुत भएको थिया। बिक्रम संबतमा भन्नुहोस ?
- वि.स. २००८ साल

५. सरकारी खर्चको लेखापरिक्षण गर्न महालेखापरिक्षकको विभाग कति सालमा खडा भएको थियो ?
- वि.स. २०१६

६. नेपालमा दोहोरो श्रेष्तामा आधारित नयाँ श्रेष्ता प्रणाली कहिले देखि लागू भएको हो ?
- वि.स. २०१८

७. नेपालमा कार्यक्रम बजेट कहिले देखि प्रारम्भ भएको थियो ?
- वि.स. २०२६ साल

८. साबिकको चौमासिक निकासा प्रणालीको सट्टा चालु कोष प्रणाली कहिले देखि लागू भएको हो ?
- आ.व. २०५१/५२

९. राजस्व दाखिला गर्ने विभिन्न राजस्व शिर्षकको ब्यवस्था गरिएको छ, अब भन्नुहोस् पारिश्रमिक कर दाखिला गर्ने राजस्व शिर्षक कुन हो ?
- राजस्व शीर्षक १.१.१.१२

१०. कोष तथा लेखा नियन्त्रक कार्यालयको स्थापना कुन आ.व.मा भएको हो ?
- वि.स. २०३८/३९

११. हालको राजस्व कूल गार्हस्थ उत्पादन अनुपात कति रहेको छ ?
- १८ प्रतिशत

१२. यस आ.ब.को बजेट वक्तव्यले भूकम्प पीडितलाई दिइने सहुलियत ऋणको ब्याज कति हुने ब्यबस्था गरेको छ ?
- २ प्रतिशत

१३ यस आ.व.को कूल बिनियोजन बजेट कति रहेको छ। रु. अर्बमा भन्नुहोस् ?
- ८ खर्ब १९ अर्ब

१४. यस बर्षको कूल कर राजस्व अनुमान कति रहेको छ, रु.अर्बमा भन्नुहोस ?
- ४ खर्ब ७५ अर्ब

१५. बजेट घाटा जिडिपि अनुपात कति रहने अनुमान गरिएको छ ?
- ४.८ प्रतिशत

१६. म.ले.प. को कार्यालयले उठाएका बेरुजुमध्ये के कस्ता बेरुजुमाथि संसदको लेखा समितिमा छलफल हुन्छ ?
- म.ले.प.को प्रतिवेदनको भाग १ मा उल्लेखित बेरुजुमाथि

१७. नेपालमा दोश्रो पुस्ताको कर सुधार कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न २०७१।७२६ मा गठित करप्रणाली पुनरावलोकन आयोगका अध्यक्ष को थिए ?
- डा. रुप खड्का

१८. नेपालको संविधान २०७२ मा कति तहको आर्थिक कार्य प्रणालीको व्यवस्था गरिएको छ ?
- तीन तहको (संघीय, प्रदेश र स्थानीय)

१९. प्रदेश सभामा कुनै बिधेयक अर्थ बिधेयक हो, होइन भनी प्रश्न उठेमा त्यसको अन्तिम टुङगो लगाउने अधिकार कसमा निहित रहन्छ ?
- प्रदेश सभाको सभामुख

२०. चालु आ.व.को वजेटमा बैंक तथा वित्तीय संस्थाहरुको कारोवार लागत कम गराउने उद्देश्यले बैंक मार्फत राजस्व बुझाउँदा न्यूनतम कति रकम देखि माथि अनिवार्य चेक मार्फत् कारोवार गर्नुपर्ने नीति घोषणा गरिएको छ ?
- रु. पाँच लाख देखि माथि ।

२१. निश्चित बार्षिक आय हुने प्राकृतिक व्यक्तिले आ.व. २०७२।०७३ देखि अनिवार्य रुपमा आय बिवरण पेश गर्नुपर्ने व्यवस्था गरिएको छ, सो आयको न्यूनतम हद कति तोकिएको छ ?
- वार्षिक रु. ४० लाख ।

२२. १०० जना भन्दा बढी नेपाली नागरिकलाई रोजगारी प्रदान गर्ने बिशेष उद्योग र पर्यटन उद्योगलाई लाग्ने आयकरमा थप कति प्रतिशत आयकर छुटहुने व्यवस्था छ ?
- थप ३० प्रतिशत ।

२३. भूकम्प प्रभावित जिल्लामा भूकम्पको कारण ब्यवसाय पूर्णरुपमा क्षति भएका पूर्व अनुमानित कर बुझाउने करदातालाई आयकर, अन्त:शुल्क इजाजत दस्तुर र घरवहाल कर मिन्हा दिन कसले प्रमाणित गर्नु अनिवार्य छ ?
- जिल्ला दैविप्रकोप उद्धार समितिवाट प्रमाणित भएका ।

२४. चालु तेन्हौं योजनाले औशत कति प्रतिशत आर्थिक बृद्धि गर्ने लक्ष्य निर्धारण गरेको छ ?
- ६ प्रतिशत ।

२५. चालु तेन्हौं योजनाले दीर्घकालीन सोंच अन्तर्गत नेपाललाई कहिलेसम्ममा विकासशील राष्ट्रको श्रेणीमा स्तरोन्नति गर्ने लक्ष्य लिएको छ ?
- सन् २०२२ (बि.सं. २०७९) सम्ममा ।

२६. अतिकम बिकसित मुलुकबाट विकासशील मुलुकको सूचिमा स्तरोन्नति हुन यू.यन. द्वारा तीनवटा प्रमुख सूचक तोकिएका छन्, ती सूचक के के हुन ?
- क) प्रति व्यक्ति राष्ट्रिय आय, ख) मानव सम्पत्ति सूचक र ग) आर्थिक जोखिम सूचक ।

२७. पूर्वाधार विकास र लगानीको क्षेत्रमा प्रयोग हुने BOOT को विस्तारित रुप के होला ?

– Build, Own Operate and Transfer

२८. DTAA को बिस्तारित रुप के हो ?

– Double Taxation Avoidance Agreement.

२९. चालु तेन्हौं योजनाले कुल राजस्व र गार्हस्थ उत्पादनको अनुपात कति पुऱ्याउने लक्ष्य तोकिएको छ ?

- २१.१ प्रतिशत ।

३०. वैदेशिक व्यापारमा नेपालले धेरै वस्तु आयात गर्ने प्रमुख तीन मुलुकको नाम क्रमशः उल्लेख गर्नुहोस ?

- क) भारत, ख) चीन र ग) यू.ए.ई.

३१. आयात व्यापार तर्फ नेपालले सवैभन्दा बढी आयात गर्ने पहिलो नम्बरको वस्तु कुन हो ?

- पेट्रोलियम पदार्थ

३२. नेपालबाट बढी निकासी हुने प्रमुख तीनवटा वस्तुको नाम ठूलोक्रमबाट उल्लेख गर्नुहोस ?

- क) उनी गलैचा (ख) तयारी पोशाक र (ग) पश्मिना ।

३३. आ.रा.वि. ले व्यवस्थापन गोष्ठी २०७२ ले घोषणा गरे अनुसार ठूला करदाता कार्यालय, आ.रा.का. १, २ र ३ को लागि कति प्रतिशत भन्दा तल मु.अ. कर को नन्फाइलर कायम गर्ने घोषणा गरिएको छ ?

- १ प्रतिशत भन्दा तल ।

३४. व्यवस्थापन गोष्ठी २०७२ ले मू.अ. कर नियमावली (सत्रौं संशोधन) ले विगतमा स्वेच्छिक रुपमा दर्ता भएका करदातालाई चौमासिक कर विवरण दाखिला गर्न दिएको सुविधा संशोधन गरी मासिक रुपमा बुझाउने व्यवस्थालाई कुन महिना भित्र पूर्ण कार्यान्वयनमा ल्याइने घोषणा गरेको छ ?

- २०७२ साल मंसिर भित्र ।

३५. SITC Code कर प्रशासनमा करदाताको कारोवार क्षेत्रको आधारमा वर्गीकरणको लागि प्रयोग गरिएको छ, SITC को बिस्तारित रुप भन्नूहोस ?

– Standard International Trade Code.

३६. आ.व. २०७०/७१ मा आधारभूत मूल्यमा नेपालको कूल गार्हस्थ उत्पादन कति अरब पुगेको छ ?

- रु ६७० अरब

३७. नेपालको शेयर बजारमा सूचिकृत भएका कम्पनीहरुको शेयरमूल्यमा निश्चित समय अन्तरालमा देखिएको परिवर्तनको अनुपातलाई समग्र रुपमा प्रस्तुत गर्न कून सूचक (INDEX) को प्रयोग गर्ने गरिएको छ ?

- नेप्से सूचक (NEPSE INDEX)

३८. पछिल्लो तथ्यांक अनुसार नेपालमा गरिबीको रेखामुनी रहेको जलसंख्या २३.८ प्रतिशत रहेको छ, २०७२ सालमा आएको विनाशकारी भूकम्पका कारण थप कति जनसंख्या सो रेखामुनी झर्ने अनुमान गरिएको छ ?

- ७,००,०००

३९. नेपालले सन २०२२ सम्ममा आफूलाई अतिकम विकशित राष्ट्रबाट विकाशसील राष्ट्रमा स्तरोन्नती गर्ने लक्ष्य लिएको छ, यसका लागि संयुक्त राष्ट्रसंघले तोकेको तीन आधारहरु के के हुन ?

- (क) प्रतिव्यक्ति कूल राष्ट्रिय आय (GNI -per capita) (ख) मानव सम्पती सूचक (Human Asset Index-HAIo (घ) आर्थिक जोखिम सूचक (Economic Vulnerability Index-EVI)

४०. नेपालमा कूल परियोजना लागतको आधारमा सवैभन्दा बढी विदेशी लगानी भएको क्षेत्र कुन हो र उद्योगको वर्गीकरणको आधारमा भन्नुस् ?

- उर्जा

४१. आय गरिवी मापणका लागी प्रयोगमा ल्याइने सूचक (Index), नेपालको गरिवी मापणमा पनि यहि Index को प्रयोग भएको छ, लाई के भनिन्छ ?

– Foster-Greer-Thorbecke Index, FGT Index.

४२. नेपालमा आएको विनाशकारी भूकम्प पश्चात् गरिएको एयकत( disaster need assessment (PDNA) ले भूकम्पका कारण समग्र अर्थतन्त्रमा परेको क्षतिको मूल्यांकण कति गरेको छ ?

- रु ७०६ अरब ।

४३. नेपालमा विगत एक दशकको अवधिमा सवैभन्दा कम आर्थिक वृद्धिदर कति प्रतिशत रहेको थियो ?

- २.८ प्रतीशत

४४. नेपालमा आ.व. २०६१/६२ देखि आ.व. २०७१/७२ सम्ममा सबैभन्दा उच्च आर्थिक वृद्धिदर हाँसिल गरेको बर्ष कुन हो ?

- आ.व. २०६४/६५ , ५.८ प्रतिशत

४५. अर्थ मन्त्रालयको अनुसार आ.व. २०७१/७२ को आर्थिक वृद्धिदरको शंसोधित अनुमान कति प्रतिशत रहेको छ ?

- ३ प्रतिशत

४६. २०७०/७१ मा नेपालमा प्रतिव्यक्ति कूल गार्हश्थ उत्पादन स्थिर मुल्यमा कति पुगेको थियो र रु हजारमा भन्नुहोस ?

- रु २६८३४

४७. आ.व. २०७०/७१ मा कूल स्थिर पूँजीमा निजी लगानी र कूल गार्हश्थ उत्पादनको अनुपात के रहेको थियो ?

- १८.९ प्रतिशत

४८. नेपालमा गत एक दशकको मूल्यसूचकांकलाई हेर्दा सवैभन्दा उच्च मुद्रा श्फिति भएको वर्ष कुन हो ?

- आ.व. २०६५/६६

४९. आ.व. २०७०/७१ सम्ममा नेपालको प्रतिव्यक्ति ऋणको भार कति पुगेको छ, रु हजारमा भन्नुहोस् ?

- रु २०,०६८

५०. आ.व. २०७०/७१ मा कूल गार्हश्थ उत्पादनमा कृषि र गैह्रकृषि क्षेत्रको योगदान क्रमशः कति प्रतिशत रहेको थियो ?

- ३३.१/६६.९ प्रतिशत

५१. आ.व. २०७१/७२ मा सरकारी आयको कूल गार्हश्थ उत्पादनसंगको अनुपात कति अनुमान गरिएको थियो ?

- २४.२३ प्रतिशत

५२. नेपालमा हाल कतिवटा निर्जीवन व्यावसायहरु संचालनमा रहेका छन् ?

- १७ वटा

५३. नेपालमा हाल कतिवटा जीवन व्यावसायहरु संचालनमा रहेका छन् ?

- ९ वटा

५४. बीमा शुल्क संकलनका दृष्टिकोणबाट नेपालमा निर्जीवन बीमा व्यावसायमा सवैभन्दा बढी हिस्सा कुन कम्पनीको रहेको छ ?
- शिखर इन्सुरेन्स कम्पनी लिमिटेड
५५. नेपालमा बीमा व्यावसायको नियामक निकाय कुन हो ?
- बीमा समिति
५६. नेपाल पुनर्वीमा कम्पनी लिमिटेडको स्थापना कुन सालमा भएको थियो ?
- २०७१ कार्तिक २१
५७. आर्थिक वर्ष २०७२/७३ मा मुद्रास्फिति दरलाई कति प्रतिशतमा राख्ने लक्ष्य लिइएको छ ?
- ८.५ प्रतिशत
५८. नेपाल राष्ट्र बैंकले आ.व. २०७२/७३ को लागि क बर्गका बैक तथा वित्तिय संस्थाहरुले राख्नपर्ने अनिवार्य नगद अनुपात कति प्रतिशत तोकेको छ ?
- ६ प्रतिशत
५९. बैक तथा वित्तीय संस्थाहरुको पूँजीगत आधार सुदृढ गर्न न्यूनतम चुक्ता पूँजी बृद्दि गराउने नीति नेपाल राष्ट्र बैंकले लिएको छ, यसअनुसार वाणिज्य बैंकहरुको न्यूनतम चुक्तापूँजि कति पुर्‍यानुपर्ने छ ?
- ८ अरब
६०. भूकम्प पीडित कृषि व्यावसाय र पर्यटन लगायतका क्षेत्रमा पुनर्कर्जा उपलव्ध गराउन नेपाल राष्ट्र बैंकले कुन कोषको व्यवस्था गर्ने घोषणा मौद्रिक नीति २०७२ ले गरेको छ ?
- आर्थिक पुनरुद्धार कोष
६१. नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७२/७३ मा विस्तृत मुद्रा प्रदायको वृद्धिदरलाइ कति प्रतिशतमा राख्ने लक्ष्य राखेको छ ?
- १८ प्रतिशत
६२. नेपाल राष्ट्र बैंकले चालु आर्थिक बर्षको लागि वाणिज्य बैंकहरुले विपन्न बर्गमा प्रबाह गर्नुपर्ने कर्जाको अनुपात कति प्रतिशत तोकेको छ ?
- कूल कर्जाको ५ प्रतिशत
६३. आर्थिक वर्ष २०७०/७१ मा भारत बाहेक तेश्रो मुलुकबाट बस्तु तथा सेवा आयात गर्दा ड्राफ्ट टि.टि.को माध्यामबाट बढीमा ३५००० अमेरिकी डलरसम्मको भुक्तानी गर्न सकिने अवस्था रहेकोमा चालु आ.व. मा यसमा वद्धि गरिएको छ, अव भन्नुस् चालु आर्थिक वर्षमा उक्त सीमा कति रहेको छ ?
- ४०००० अमेरिकी डलर
६४. कूल गार्हस्थ उत्पादन गणना गर्ने सुत्र C+I+G+X, जलसलाई National Income identity पनि भनिन्छ, मा C ले उपभोग, I ले लगानी, G ले सरकारी खर्चलाई जनाउछ भने X ले के लाई जनाउँछ ?
- खुद वैदेशिक व्यापार (निर्यात, आयात)
६५. नेपाल पुनर्वीमा कम्पनी लिमिटेडको पहिलो अध्यक्षको नाम के हो ?
- श्री शोभाकान्त पौडेल
६६. नेपाल राष्ट्र बैंकले कुन आर्थिक वर्षदेखि मौद्रिक नीति र यसको मध्यावधि समिक्षा प्रतिदवेदन सार्वजानिक गर्दै आएको हो ?
- २०५९/६०
६७. नेपालको सवभन्दा पुरानो वाणिज्य बैक नेपाल बैंक लिमिटेडको स्थापना कहिले भएको थियो ?
- सन् १९५७ वि सं १९९४
६८. नेपालमा सरकारी स्वामित्वमा रहेका निर्जीवन र जीवन वीमा कम्पनीहरुका नाम के के हुन् ?
- राष्ट्रिय वीमा संस्थान र राष्ट्रिय बीमा कम्पनी लिमिटेड
६९. नेपालमा सरकारी स्वामित्वमा रहेका सार्वजानिक संस्थानहरुको संख्या कति रहेको छ ?
- ३७ वटा
७०. भूकम्पबाट भएको क्षतिको पुनर्निमाणको लागि कति अरब रकम लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ?
- ६६९.५ अरब
७१. नेपालको आवधिक योजना बनाउँदा विकाश आयोजनाहरुलाई पहिलो, दोस्रो र तेस्रो प्राथमिकतामा वर्गिकरण गर्ने कार्यको थालनी कुन योजनाबाट भएको हो ?
- दशौं योजना
७२. आ.व. २०६८/६९ मा प्रथम प्राथमिकतामा रहेका आयोजनामध्ये १७ वटा आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरिएकोमा हाल केही आयोजनाहरु थप गरिएका छन्, अव भन्नुस् नेपालमा कूल कति वटा आयोजनाहरु राष्ट्रिय गौरवका आयोजनाकामा रुपमा सञ्चालित छन् ?
- २१ वटा

## १ पेजको बांकी

भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ८८ अर्व ६८ करोड ५२ लाख ४८ हजार, मूल्य अभिवृद्धि कर रु. ३८ अर्व ६१ करोड २ लाख २ हजार र अन्तःशुल्क तर्फ रु. २८ अर्व ३४ करोड ५ लाख १३ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०८ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९९ प्रतिशत र अन्तशुल्क तर्फ १०१ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ४८ करोड ६३ लाख १ हजार र रु. ६३ करोड ६५ लाख ८९ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९३ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा १०७ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १३४ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२५ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १२५ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १२१ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १२१ प्रतिशत रहेको छ ।

# वक्यौता असुलीमा कानूनी कारवाही सम्वन्धमा परिपत्र

कर बक्यौता रहेका करदाताहरुको कर असुली प्रयोजनका लागि आयकर ऐन, २०५८ को दफा १०३ देखि दफा १११ सम्मका प्रकृया, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ का प्रकृया तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १० (ज) को व्यवस्थाहरुको प्रयोग गरी कानूनी कारवाही अगाडि बढाउँदा कार्यालयगत प्रक्रियाहरुमा एकरुपता रहेको नदेखिएको हुंदा उपरोक्त कानूनी कारवाहीको सन्दर्भमा तपशिलमा उल्लेख गरिए बमोजिम गर्नु गराउनुहुन निर्देश गर्दछु ।

**तपशिल** :

१) बक्यौता रहेको करदाताको कार्यालयबाट संकलन भ्रमण गरी भ्रमण सम्बन्धी प्रतिवेदन संलग्न राख्ने ।

२) करदातालाई नियमित रुपमा टेलिफोन वा अन्य संचार माध्यमबाट बक्यौता कर दाखिलाको लागि स्मरण गराउने एवं अनुरोध गर्ने, सो को टिपोट गरी अभिलेख राख्ने ।

३) बक्यौता दाखिलाको लागि नियमित रुपमा पत्राचार गरी रहने ।

४) आयकर ऐन, २०५८ मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ समेतका उपर्युक्त व्यवस्थाहरु बमोजिम बक्यौता कर संकलनका लागि कानूनी कारवाही अगाडि बढाउँदा कुनै सम्बन्धित निकायमा लेखी पठाउने अवस्था जस्तै : करदाताको बैंक खाता रोक्का गर्ने, विदेश जानबाट रोक लगाउने, आयात निर्यात कारोबार रोक्का गर्ने, तेश्रो व्यक्तिबाट दावी गर्ने, जग्गा रोक्का गर्ने जस्ता अवस्थाहरुमा पत्राचार गर्नु पूर्व प्रत्येक करदाताको कर असुलीका लागि गरिएका संकलन भ्रमण लगायतका प्रयासहरु खुलाई उक्त प्रयासबाट मात्र बक्यौता रकम असुल उपर हुन नसकेकोले कानुनी कारवाही गर्नुपर्ने अवस्था सिर्जना भएको पुष्ट्याई सहितको व्यहोरा खुलाई प्रत्येक करदाताको छुट्टाछुट्टै निर्णय गर्ने । सो निर्णयमा देहायका विवरणहरु उल्लेख हुनुपर्ने ।

क) कर बक्यौताको प्रकार (आयकर, मू.अ.कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर आदि)

ख) कर बक्यौता रकम रु.

ग) कर बक्यौता सिर्जना भएको अवस्था/कारण

घ) करदाता/संचालक/शेयर होल्डरको नाम तथा संभव भए तीन पुस्ते विवरण, व्यवसायको नाम, स्थायी लेखा नंबर (भएमा) र ठेगाना ।

ङ) करदाताको नागरीकता नम्वर, जारी गर्ने जिल्ला र मिति

च) बक्यौता कर, शुल्क, ब्याज र जरिवाना छुट्टा छुट्टै रकम र जम्मा रकम रु.

छ) कानूनी कारवाही अगाडि बढाउन सम्वद्ध ऐन र सोको दफा उपद(फाको व्यवस्था

ज) बक्यौता रहेको करदाताले गर्दै आएको वा पहिले गरेको कारोवारको विवरण

झ) बक्यौता असुली सम्बन्धमा कार्यालयको प्रयासको संक्षिप्त विवरण

यस निर्णयको आधारमा सम्वद्ध नेपाल राष्ट्र बैंक, अध्यागमन विभ(ाग, भूमिसुधार तथा व्यवस्थापन विभाग आदि निकायमा अन्तिम कानूनी कारवाहीको लागि अनुरोध गर्दा माथि उल्लिखित बुँदा (क) देखि (छ) समेतको व्यहोरा खुलाई गरी पत्राचार गर्ने ।

५. सम्भव भएसम्म बक्यौता रकम खाम्ने गरी मात्र क्उभअषष्अ रुपमा करदाताको बैंक खाता एवं सो मूल्य बराबरको जग्गा रोक्का राख्ने ।

६. नेपाल भित्र जग्गा वा अन्य सम्पत्ति एवं बैंक खाता नरहेको वा अन्य प्रकृयाबाट असुल हुन नसक्ने बक्यौता रहेको करदातालाई नेपाल बाहिर जान रोक लगाउने । साथै त्यस्ता करदाताको आयात निर्यात र अन्य कारोवार रोक्का गर्ने ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी
विष्णुप्रसाद नेपाल

**सम्पादन समूह**
समझना बराल
अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी
प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले